# शान्तिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चिराघाट, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको दरभाउपत्र/बोलपत्र आब्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०५/१८

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (६) मा भएको व्यबस्था बमोजिम शान्तिनगर गाउपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन अनुसार लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि–२०७५ को दफा ७ को उपदफा(२) बमोजिम देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी कार्य आ.व.२०७८/०७९ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरीएकोछ । सूचना प्रकाशित भएको मितिले १५/३० दिनभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र /बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र दरभाउपत्र /बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ

### आन्तरिक आय ठेक्का विवरण

| क्रम संख्या | ठेक्का न. | नदी / खोलाको घाँटको विवरण | आ.व.२०७८/७९ को नदिजन्य पदार्थ विक्रि परीमान (घन फिटमा) | आ.व.२०७८/७९ को नदिजन्य पदार्थ विक्रि शूल्क दर(घन फिटमा) | आ.व.२०७८/७९ को नदिजन्य पदार्थ विक्रि वापत जम्मा विक्रि शल्कको न्यूनतम अंक(भ्याट वाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/ SRM/०७८/०७९ | बौलाह खोलाको जुम्लेकुला घाँट | ६३५५८०।०० | १२।०० | ७६२६९६०।०० | बोलपत्र |
| २ | ०२/ SRM/०७८/०७९ | बौलाह खोलाको बाघढोई घाँट | १३२४१२५।०० | १२।०० | १५८८९५००।०० | बोलपत्र |
| ३ | ०३/ SRM/०७८/०७९ | बौलाह खोलाको विष्णुपुर घाँट | ५२९६५०।०० | १२।०० | ६३५५८००।०० | बोलपत्र |
| ४ | ०४/ SRM/०७८/०७९ | बौलाह खोलाको रगैचा घाँट | ७४१५१०।०० | १२।०० | ८८९८१२०।०० | बोलपत्र |
| ५ | ०५/ SRM/०७८/०७९ | बौलाह खोलाको काँशीपुर घाँट | ८४७४४०।०० | १२।०० | १०१६९२८०।०० | बोलपत्र |
| ६ | ०६/ SRM/०७८/०७९ | बौलाह खोलाको कोर्वाङ १ घाँट | १६९४८८०।०० | १२।०० | २०३३८५६०।०० | बोलपत्र |
| ७ | ०७/ SRM/०७८/०७९ | बौलाह खोलाको कोर्वाङ २ घाँट | ७४१५१०।०० | १२।०० | ८८९८१२०।०० | बोलपत्र |
| ८ | ०८/ SRM/०७८/०७९ | बान्द्रे खोलाको झोलुङ्गेपुल घाँट | ११२९९२।०० | १२।०० | १३५५९०४।०० | **दरभाउपत्र** |
| ९ | ०९/ SRM/०७८/०७९ | च्याटी खोलाको खिलतपुर घाँट | २५४२३२।०० | १२।०० | ३०५०७८४।०० | बोलपत्र |
| १० | १०/ SRM/०७८/०७९ | पेदी खोलाको झोलुङ्गेपुल स्कूल घाँट | ५०८४६।४ | १२।०० | ६१०१५६।८ | **दरभाउपत्र** |
| ११ | ११/ SRM/०७८/०७९ | बस्ती खोलाको सिमलगैरा घाँट | ३९५४७।२ | १२।०० | ४७४५६६।४ | **दरभाउपत्र** |
| १२ | १२/ SRM/०७८/०७९ | केराघारी खोलाको स्कूलमाथि घाँट | ५६२९५।४३ | १२।०० | ६७५५४५।१६ | **दरभाउपत्र** |
| १३ | १३/ SRM/०७८/०७९ | बागर खोलाको खड्कपुर घाँट | ५५०८३६।०० | १२।०० | ६६१००३२।०० | बोलपत्र |
| १४ | १४/ SRM/०७८/०७९ | बबई नदीको देविपुर (१) घाँट | १११८६२०।८ | १२।०० | १३४२५२१६।०० | बोलपत्र |
| १५ | १५/ SRM/०७८/०७९ | बबई नदीको देविपुर (२) घाँट | ५०२७४३।७८ | १२।०० | ६०३२९२५।३६ | बोलपत्र |

**ठेक्का सम्बन्धि शर्तहरु:**

1. माथि उल्लेखित ठेक्काहरुको लागि रु.१०००/३०००। (फिर्ता नहुने गरी) दरभाउपत्र /बोलपत्र फारम खरिद गरी पेश गर्नु पर्नेछ ।
2. ठेक्का अवधि सामान्यतया आ.व.२०७८/७९ को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परीमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईने छैन ।
3. IEE प्रतिवेदनले निषेध गरको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी रखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ
4. सम्झैता गर्दा माथी उल्लेखित सबै ठेक्काहरुमा कबोल अंङ्कको थप मुल्य अभिवृद्दी कर (१३%) ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
5. धरौटी वापत कबोल गरेको अंकको ५ % रकम यस शान्तिनगर गाउँपालिका दाङको नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर शाखा स्थित बैंक धरौटी खाता नं. ०७७०१४००२५००३० मा नगद दाखिला गरेको सक्कल भौचर वा दाखिला गर्ने अन्तिम मितिबाट ७५/१२० दिनसम्म म्याद भएको बैंक जमानत (विड विन्डको सक्कल प्रति) दरभाउपत्र /बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।धरौटी वापत जम्मा गरेको रकमलाई किस्ता समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
6. दरभाउपत्र /बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट बैक शान्तिनगर शाखा स्थित आन्तरिक राजश्व खाता न ०७७०१४००२५०१०८ मा दाखिला गर्नुपर्नेछ ।
7. कारण जनाई वा नजनाई दरभाउपत्र /बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
8. दरभाउपत्र /बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको दरभाउपत्र /बोलपत्र उपर कुनै कारबाही गरीनेछैन।
9. ठेक्कामा कुनै विवाद भएमा शान्तिनगर गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
10. उपरोक्त दरभाउपत्र /बोलपत्रहरुको लागि १५/३० औं दिन सम्म कार्यालय समयभित्र खरिद गरि १६/३१औं दिन दिनको १२:०० बजे सम्म दर्ता भएका सोही दिन दरभाउपत्र /बोलपत्र दिनको २:००बजे शान्तिनगर गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।
11. दरभाउपत्र /बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्नेदिन सार्वजनिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा ततत कार्यहरु गरिनेछ ।
12. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र /बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका शर्त सरह लाहु हुनेछ ।
13. यस सूचना तथा दरभाउपत्र /बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका दरभाउपत्र /बोलपत्र हरु मुल्याङ्कनमा समावेश गरिने छैन ।
14. यस सूचना प्रकाशित गरेपछि लुम्बिनी प्रदेश सरकारबाट दररेटमा कुनै फेरबदल गरेको खण्डमा कबोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ।
15. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत